Vol.07 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2020.01

## “ओता जापानीज फेस्टिबल” को आयोजना गरिदैछ।

परम्परागत संस्कृति र मनोरञ्जनात्मक कार्यक्रमहरू हेर्ने, सुन्ने, नजिकबाट अवलोकन र अनुभव आदि गरी आनन्दित मनले जापानी संस्कृतिसँग परिचित हुनुहोस्।



### विवरण

**(1) हेरेर आनन्द लिने कर्नर**

**- ओता सहरको लोक गीत तथा लोक नृत्यका साथसाथै जापानको खजानाहरू**

❶ तपाईंलाई ओता सहरको तीन प्रमुख लोक गीतहरू थाहा छ?
«Omorijinku» «Hata Bushi» «Senzoku Mugiuchi Uta»
प्रस्तुति दिने व्यक्तिहरू: नाओयुकी हारादा (लोक गायक) / ओता सहरद्वारा सञ्चालित हानेदा निम्न माध्यमिक विद्यालय र अन्य पनि

❷ मानव राष्ट्रिय खजाना फुमिको योनुकावा ज्यूलाई स्वागत गरी कोतोको साङ्गितिक प्रस्तुति

**- जापानी संस्कृतिको मनोरञ्जन लिने**

❶ जापानी बाजाहरूको प्रस्तुति

❷ स्योदो (विशेष पेन वा ब्रस प्रयोग गरी लेखिने सुन्दर लेखाइ) प्रदर्शन

**(2) अनुभव वर्कसप**

सादो (हरियो चियाको धुलोबाट बाक्लो चिया बनाउने कला) (*), इकेबाना (फूल सजाउने कला) (*), जापानी सङ्गीत (कोतो, स्यामिसेन, स्याकुहाची, कोचुजुमी, ताइको), स्योदो (विशेष पेन वा ब्रस प्रयोग गरी लेखिने सुन्दर लेखाइ), जापानी नृत्य (*), वादाइको (*)
*चिन्ह भएको कुराको लागि पहिले नै नाम लेखाउनु पर्नेछ।

**(3) अन्य**

निन्जाको प्रस्तुति, दाइदोगेइ (सडकमा प्रस्तुति दिने व्यक्तिहरूको प्रस्तुति), खाबुकी शेलीको पेन्टिङ, जापानको खेलहरू आदिको रमाइलो लिने सकिने “वायु हिरोबा”

### मिति र समय

2020 साल मार्च 14 तारिख (शनिबार)
10:00 am - 4:00 pm

### कार्यक्रमस्थल

ओता कुमिन प्लाजा (ओता सहर सिमोमारुको 3-1-3)
*जिम्नेजिएममा बाहिर लगाइने जुत्ता लगाएर प्रवेश गर्न निषेध हुनाले, स्लिपर आदि लिएर आउनुहोस्।

### सम्पर्क

(सार्वजनिक लाभ सम्मिलित संस्था) ओता सहर संस्कृति प्रवर्धन संघ
☎ 03-3750-1611 FAX 03-3750-1150
Email arts-ws@ota-bunka.or.jp

## अनुभव बिना नर्सिङ पेसामा!
## नर्सिङको काम भनेको अरूको मुहारमा मुस्कान लेराउने र अरूलाई खुसी बनाउने आकर्षक काम हो!



नर्सिङ केयर कर्मचारी स्यारुइन ओकावा (फिलिपिन्स)
समाज कल्याण सेवा संस्था इकेगामी-च्योज्युएन
ओता सहरद्वारा सञ्चालित विशेष नर्सिङ होम कामाता



फिलिपिन्समा हुँदा म नर्सिङको कामसँग परिचित नभएकोले नर्सिङ भनेको कस्तो काम हो भन्ने कुरा मलाई थाहा थिएनँ। त्यो बेलासम्म म बेड-मेकिङ जस्ता अहिले भन्दा फरक किसिमको काम गरिरहेको थिएँ तर मेरो बुबाले पनि सिफारिस गर्नुभएकोले यो काम गरेर हेर्ने विचार गरें। मैले केही पनि थाहा नभएको अवस्थामा सुरु गरेको हुनाले, मैले नर्सिङको काममा प्रयोग गरिने शब्द, व्याक्यांश आदि पनि, सँगै काम गर्ने जापानी कर्मचारीहरूले के भनिरहनुभएको छ भन्ने कुरा पनि बुझिनँ। तर म भन्दा सिनियर कर्मचारीहरूले सुरुदेखि सबै कुराहरू सिकाइदिनुभयो। साथै मैले नबुझेको कुरा वा मलाई थाहा नभएको कुरा त्यतिकै नछोडीकन म सोध्ने गर्थें। म थाहा नभएको शब्दहरू कागजमा लेखेर लकरमा टाँस्थे र याद भएपछि उक्काउथें। मैले लामो समयसम्म यस्तो गरिरहें। बिस्तारै कामको बानी पर्दै गएपछि मलाई यो काम रमाइलो लाग्दै आयो। अहिले प्रयोगकर्ताको मुस्कान हेर्न पाउँदा सबैभन्दा खुसी लाग्छ। मलाई उहाँहरू मेरो दोस्रो परिवारको सदस्यहरू जस्तो लाग्छ! 3 वर्ष भएपछि मैले संस्थाको फलोअपमा नर्सिङको सर्टिफिकेट (प्रारम्भिक कर्मचारी प्रशिक्षण) प्राप्त गरें। आउने दिनहरूमा पनि अध्ययन गरी व्यवहारिक प्रशिक्षणको सर्टिफिकेट लिने विचार छ!

### स्यारुइनजीको कामको तालिका (बिहानदेखि काम गर्ने दिन)

| | |
|---|---|
| 8:15 am | कार्यस्थलमा पुग्ने |
| 8:15 am - 11:00 am | बसमा चढेर डे-सर्भिस प्रयोगकर्तालाई लिन जाने |
| 11:00 am - 12:15 pm | प्रयोगकर्तासँग हल्का व्यायाम वा रिक्रिएसन (मनोरञ्जनात्मक गतिविधि) गर्ने |
| 12:15 pm - 1:00 pm | आराम गर्ने |
| 1:00 pm - 3:00 pm | दिसाको नर्सिङ र नुहाउने (बाथटबमा) सहायता |
| 3:00 pm | प्रयोगकर्ताको डाइपर टाइमको तयारी |
| 3:00 pm - 4:30 pm | प्रयोगकर्ता घर फर्कने तयारी, दिसा सहायता |
| 4:30 pm - 5:00 pm | त्यो दिनको नर्सिङ रिपोर्ट लेख्ने |
| 5:00 pm | कार्यस्थलबाट निस्कने |







## नर्सिङ पेसाबारे जान्ने इच्छा भएको व्यक्तिको लागि सन्देश

नर्सिङको काम भनेको प्रयोगकर्ताहरूको भावना र अनुहार उज्यालो बनाई, प्रयोगकर्ताहरूले खुसीसाथ समय बिताउन सक्ने गरी सहयोग गर्नु हो। अरूलाई खुसी बनाउने र मुहारमा मुस्कान लेराउन सक्ने काम भएकोले मन लगाएर काम गर्न जाँगर चल्छ। अरूको बारेमा सोचविचार गर्न सक्ने भावना भएमा, मलाई यो काम जसले पनि गर्न सक्छ जस्तो लाग्छ। तर छिटो रिसाइहाल्ने मान्छेलाई भने यो काम गर्न गाह्रो हुन्छ जस्तो मलाई लाग्छ... (हाँसो) जापानी भाषा नआउने भएर सङ्कोच मान्ने वा आफूले गर्न सक्दिनँ जस्तो महसुस गर्ने विदेशी नागरिकहरू पनि हुनुहुन्छ तर शब्द प्रयोग गरेर कुराकानी गर्दा एकअर्कालाई बुझ्न सजिलो नभए तापनि भावनाद्वारा एकअर्कालाई बुझ्न गाह्रो हुँदैन। अवश्य पनि नर्सिङको जापानी भाषा अध्ययन गर्नुपर्छ तर जापानी भाषाबारे चिन्ता गरेर बस्नुभन्दा पनि च्यालेन्ज गर्नु महत्त्वपूर्ण कुरा हो जस्तो मलाई लाग्छ!

होप्पो-फुरेआइ फेस्टिबलमा ओ-च्यानको पोसाक लगाएर *Paprika* डान्स गरिरहनुभएको स्यारुइनजी



## हामीले महाप्रबन्धक फुरुकावाजी (जापानी नागरिक) लाई पनि प्रश्न सोधेका छौं!

स्यारुइनजीले यहाँ काम सुरु गर्नुभएको बेलादेखि नै मैले उहाँले गर्नुभएको मेहनत हेर्दै आइरहेको छु। उहाँ आफूले नबुझेको कुरा वा आफूलाई थाहा नभएको कुराबारे जानकारी खोजेर अध्ययन गरी, आफ्नो जिम्मेवारी निभाउनको लागि आफूले सक्ने कुरा सबै गर्ने व्यक्ति हुनुहुन्छ। मलाई भाषा पनि र संस्कृति पनि फरक ठाउँमा काम गर्नु भनेको एकदम गाह्रो कुरा हो जस्तो लाग्छ। उहाँ जस्ता कर्मचारीहरूको आवश्यकताहरू पूरा गर्न सक्ने कार्यस्थल बनाई, उहाँहरूलाई सहयोग पुऱ्याउनु मेरो जिम्मेवारी हो जस्तो मलाई लाग्छ। नर्सिङको कामबारे जान्ने इच्छा भएको व्यक्तिले नछुटाईकन च्यालेन्ज गरेर हेर्नुहोस् है।



# विदेशी नागरिकको लागि “नर्सिङको जापानी भाषा” कोर्सको आयोजनाबारे जानकारी

नर्सिङको कामबारे जान्ने इच्छा भएको व्यक्ति वा काम गर्न चाहने व्यक्ति अथवा काम गरिरहेको तर अझै अध्ययन गरी स्टेपअप गर्न चाहने व्यक्तिको लागि ओता सहर समाज कल्याण केन्द्र (ओता सहर निसी-कामाता 7-49-2) मा “नर्सिङको जापानी भाषा” कोर्सको आयोजना गरिदैछ। 2 वटा कोर्सहरू छन्। दुबैमा भाग लिन पनि सकिन्छ।

| | A. नर्सिङको परिचय कोर्स | B. रेकर्ड र सन्देश छोड्ने कोर्स |
|---|---|---|
| अध्ययन गर्ने कुरा | - नर्सिङको काम भनेको?<br>- नर्सिङमा प्रयोग गर्ने जापानी भाषा (कुराकानी, शब्द र अभिव्यक्ति)<br>- नर्सिङ अभ्यास (रोलप्ले) र नर्सिङ होम टुर | - नर्सिङ रेकर्ड लेख्ने तरिका, पढ्ने तरिका<br>- अरूको लागि कामबारे सन्देश छोड्ने तरिका<br>- नर्सिङ अभ्यास (रोलप्ले) |
| मिति<br>(जम्मा 5 पटक) | जनवरी 25 तारिख, फेब्रुअरी 1 तारिख, 8 तारिख , 15 तारिख र 22 तारिख हरेक हप्ता शनिबार | |
| | 9:00 am - 12:00 pm | 1:00 pm - 4:00 pm |
| भाग लिन सक्ने व्यक्ति | - ओता सहरमा बसोबास गर्ने वा ओता सहरमा काम गरिरहेको वा ओता सहरको विद्यालयमा अध्ययन गरिरहेको विदेशी नागरिक<br>- नर्सिङको कामबारे जान्ने इच्छा भएको व्यक्ति<br>- जापानी भाषा प्रवीणता परीक्षा (JLPT) N4 तह जतिको जापानी भाषाको क्षमता भएको व्यक्ति | - ओता सहरको नर्सिङ होममा काम गरिरहेको व्यक्ति अथवा काम गरेको अनुभव भई फेरि काम गर्ने विचार गरिरहेको विदेशी नागरिक<br>- जापानी भाषा प्रवीणता परीक्षा (JLPT) N3 तह जतिको जापानी भाषाको क्षमता भएको व्यक्ति |

**आवेदन दिने तरिका**

संघको होमपेज
https://www.ota-goca.or.jp/kaigo/


**सम्पर्क**

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
Email info@ota-goca.or.jp
URL https://www.ota-goca.or.jp/

# बहुभाषी संस्करण “ओता सहर पुस्तकालय गाइड” उपयोग गर्नुहोस्

ओता सहरको पुस्तकालयमा निम्न भाषाहरूमा पुस्तकालायको आधारभूत प्रयोग तरिका लेखिएको गाइडको व्यवस्था गरिएको छ। उपयोग गर्नुहोस्।


सजिलो जापानी भाषा



अंग्रेजी


चाइनिज


कोरियन

**सम्पर्क**

ओता पुस्तकालय
☎ 03-3758-3051 FAX 03-3758-3625
URL https://www.lib.city.ota.tokyo.jp/

# तपाईंले निवासी कर भुक्तानी गर्नुभयो?

चौथो चरणको निवासी कर (विशेष सहर कर र महानगरपालिका कर) भुक्तानी गर्ने म्याद जनवरी 31 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। भुक्तानी गर्न नबिर्सनुहुन अनुरोध गर्दछौं। भुक्तानीसम्बन्धी परामर्शको लागि तलको नम्बरमा सम्पर्क गर्नुहोस् वा ओता सहरको होमपेज हेर्नुहोस्। जापानी भाषा नबुझ्ने व्यक्तिले बहुभाषी परामर्श डेस्क (03-6424-8822) मा सल्लाह गर्नुहोस्।

**सम्पर्क**

कर भुक्तानी शाखा
☎ 03-5744-1205
FAX 03-5744-1517

**आर्थिक वर्ष 2019 देखि अन्तर्राष्ट्रिय सहर ओता संघले “Ota City Navigation” प्रकाशन गर्नेछ।**
प्रकाशन (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघन
〒143-0023 ओता वडा, सान्नो 2-3-7 ओमोरी सहर निर्माण प्रवर्द्धन सुविधा 4F
☎ 03-6410-7981 FAX 03-6410-7982 URL https://www.ota-goca.or.jp/

इमेल मार्फत तपाईंको राय वा आफूलाई लागेको कुरा पठाउनुहोस्।
E-mail info@ota-goca.or.jp